# Bachelor in Information Technology (BIT) कार्यक्रम-२०७७ सालको नयाँ भर्ना सम्बन्धि सुचना।

- आवेदन विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको website http://bit.tuiost.edu.np मा रहेको Registration link द्वारा Online माध्यमबाट २०७७ साल फागुन २५ गते देखि शुरु भएको छ।
- **आवेदन फारम वुझाउने अन्तिम मिति:** २०७७ साल चैत १७ गते सम्म। दोब्बर दस्तुर तिरि २०७७ चैत २२ गते सम्म।
- **प्रवेश परीक्षा अवेदन शुल्क:** रू १५००।– नेपाल बैंक लिमिटेड खाता नं. ०४५००१०००९९१०७००००००१ को भौचर
- **प्रवेश परीक्षा हुने मिति र समय:** २०७७ चैत २८ गते शनिवार दिनको १२:०० बजे देखि २:०० बजे सम्म।
- **परीक्षा केन्द्र:** पछि प्रकाशन गरिने छ।

विस्तृत विवरणको लागि "विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको" कार्यालयबाट प्राकाशित सुचना तल दिएको छ।

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) कार्यक्रम २०७७ सालको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार पठन पाठन हुने चार वर्षे स्नातक तह **Bachelors in Information Technology (BIT)** कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७७ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**
(क) त्रि.वि.वा यसबाट मान्यता प्राप्त संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित विषय न्यूनतम एक पेपर लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने।
(ख) माध्यमिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ वा १२ कक्षामा अंग्रेजी र न्युनतम एक पेपर गणित विषय लिई ति विषयहरुमा कम्तिमा C Grade ल्याई ११-१२ कक्षाको अन्तिम ग्रेड CGPA 2.00 प्राप्त गरी उतीर्ण गरेको हुनु पर्ने।
(ग) A Level को परीक्षामा अंग्रेजी र गणित विषयमा न्युनतम D Grade ल्याई उत्तीर्ण गरेको हुनुपर्ने।
(घ) CTEVT बाट Three Years Diploma अंग्रेजी र गणित विषय न्युनतम १००/१०० पूर्णाङ्कको लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने।

२. **आवेदन प्रकृया :**
(क) आवेदन http://bit.tuiost.edu.np मा रहेको Registration link द्वारा Online माध्यमबाट २०७७ साल फागुन २५ गते देखि शुरु हुनेछ।
(ख) प्रवेश परीक्षा आवेदन शुल्क रु.१५००।- हुनेछ।
(ग) अनलाईन फर्म भर्दा विद्यार्थीहरुले website मा दिइएको Instruction अनुसार पासपोर्ट साइज फोटो, बैंक भौचर, +2/I.Sc./A-level Transcript/Marksheet र equivalence (आवश्यक भएमा) इत्यादी स्क्यान गरी JPEG बनाई राख्नु पर्ने छ। अनलाईनमा upload गर्नु पर्ने सामाग्रीहरु तयार भए पश्चात मात्र अनलाईन फर्म भर्न सुचित गरिन्छ।
(घ) आवेदन फर्म छानबिन पश्चात आवश्यक भएमा विद्यार्थीलाई मोबाइल वा e-mail बाट सम्पर्क गरिने छ।
(ङ) अनलाईन फर्म भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने केन्द्र रोज्नु पर्ने छ। ति निम्न हुनेछन्।
१.काठमाडौं।
२.विराटनगर।
३.चितवन।
४.नेपालगञ्ज।
५.महेन्द्रनगर।

३. **आवेदन फाराम बुझाउने अन्तिम मिति** :२०७७ साल चैत्र १७ गते सम्म। दोब्बर दस्तुर तिरी २०७७ साल **चैत्र २२** गते सम्म।
४. **प्रवेश परीक्षा हुने मिति र समय** :२०७७ साल **चैत्र २८** गते शनिबार दिनको १२:०० बजे देखि २:०० बजे सम्म।
५. **परीक्षा केन्द्र** : पछि प्रकाशित गरिने छ।
६. **विद्यार्थीहरुले शुल्क बुझाउने सम्बन्धमा** : विद्यार्थीहरुले नेपाल बैंक लि.को जुनसुकै शाखाबाट डीन कार्यालयको चल्ती हि.नं ०४५००१०००९९१०७००००००१ मा जम्मा गरी सोको भौचर स्क्यान गरी Online फाराम भर्दा upload गर्नुपर्ने छ। उक्त भौचरमा BIT Application र विद्यार्थीको पुरा नाम स्पष्ट रुपले लेख्नु पर्ने छ। भौचरको नमूना संलग्न छ।
७. **प्रवेश पत्र**: आवेदक विद्यार्थीले तोकेको परीक्षा केन्द्रबाट प्रवेश पत्र उपलब्ध गराइने छ। प्रवेश पत्र लिन आउँदा विद्यार्थीले अनलाईन फर्म भरे पश्चात प्राप्त गरेको Confirmation page प्रिन्ट गरी ल्याउनु पर्ने छ। साथै बैंक भौचरको सक्कल प्रति समेत बुझाउनु पर्ने छ।
८. **कक्षा संचालन** : २०७८ साल वैशाख दोश्रो साता देखि।
९. **प्रवेश परीक्षा सम्बन्धी अन्य जानकारी** :
-प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ। जसमा प्रविणता प्रमाणपत्र तह वा ११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा अंग्रेजी, गणित र सूचना प्रविधि सहितको सामान्य ज्ञान विषयको दुई घण्टाको परीक्षा हुनेछ।
-प्रवेश परीक्षाको सम्पूर्ण प्रश्नहरु Objective हुने छन्।
-प्रवेश परीक्षा उत्तिर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ।

नोट :उपरोक्त अनुसार भर्ना भएका विद्यार्थीहरुको प्रथम वर्ष प्रथम सेमेष्टरको परीक्षा २०७८ साल आश्विन महिनामा संचालन हुनेछ।

मिति : २०७७।११।२५

सहायक डीन

